नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
**स्वास्थ्य सेवा विभाग**
**नर्सिङ्ग तथा सामाजिक सुरक्षा महाशाखा**
पचली, टेकु
काठमाण्डौं, नेपाल

च.नं. :
प.सं.

मितिः २०७८/०१/१३

## सूचना

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च. न २७७७ को पत्र सं. ०७७/७८ मार्फत थाईल्याण्डका Princess Srinagarindra Award 2021 का लागि नेपालमा नर्सिङ, मिडवाइफ्री तथा सामाजिक सेवाको क्षेत्रमा उल्लेख्य योगदान पुर्याउने एक जना रजिष्टर्ड नर्स वा रजिष्टर्ड मिडवाइफ वा रजिष्टर्ड नर्स/मिडवाइफको एउटा समूहको मनोनयन गरी सोको जानकारी ३१ मे २०२१ भित्र पठाई दिनुहुन भनी पत्र प्राप्त भएको छ। सो अवार्डको लागि मनोनयन गरी पठाउन तपसिल बमोजिमका योग्यता पुगेका नेपाली रजिष्टर्ड नर्स वा रजिष्टर्ड मिडवाईफ वा रजिष्टर्ड नर्स/मिडवाईफहरुको समूहले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखाको इमेलमा (nursing2075@gmail.com) तपसिल बमोजिमका सम्पूर्ण कागजातहरु संलग्न गरी अनलाइन मार्फत आवेदन दिन यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

- आवेदक/ आवेदकहरु नेपाल नर्सिङ परिषदमा दर्ता भएका नर्स वा मिडवाइफ हुनुपर्छ।
- आवेदक (हरु) कुनै संस्थामा कार्यरत रहेको वा अवकाश प्राप्त भएतापनि निरन्तर रुपमा नर्सिङ तथा मिडवाईफ्री सेवा, शिक्षा, शोध र व्यवस्थापनमा योगदान पु-याएको हुनु पर्नेछ।
- रजिष्टर्ड नर्स वा रजिष्टर्ड मिडवाईफले व्यक्तिगत वा समूहमा (अधिकतम चार जना) आवेदन दिन सक्नेछन्।

**समावेश गर्नु पर्ने कागजातहरु**

- सो अवार्डको लागि आफू वा समूह योग्य भएको औचित्य खुलेको निवेदन,
- अध्यावधिक गरिएको बायोडाटा,
- नागरिकता र नेपाल नर्सिङ परिषद्को नाम दर्ता प्रमाण पत्रको प्रतिलिपि,
- नर्सिङ तथा मिडवाइफ्री क्षेत्रमा पुर्याएको योगदान सम्बन्धी प्रतिवेदन । (प्रतिवेदनको ढाँचा नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखाको वेभसाइटबाट डाउनलोड गर्न सकिनेछ। )

(पुनश्चः award सम्बन्धी विस्तृत जानकारीको लागि लिङ्क http://www.princess-srinagarindraaward.org/images/userfiles/files/२%२0Nomination_Forms%२०२०२१.pdf)

सम्पर्क नं. फोन नं. ०१- ४२१९२३८,४२५७७६५, ४२६२२६१, ४२६८३७६ फ्याक्स नं. ४२५११७३ **E-mail:** nursing2075@gmail.com